फोन नं. ०४४-५२०२६३, ५२००२१
फ्याक्स: ५२०२६३
Email: info.dcmahottari@supremecourt.gov

# महोत्तरी जिल्ला अदालत

## जलेश्वर

### तहसिल शाखा

**प्रकाशित मितिः-२०७७/१२/२४**

**(२०७७/०७८)**

उपर्युक्त सम्बन्धमा यस अदालतको जिन्सीमा आम्दानी बाँधी राखिएको, महोत्तरी जिल्ला अदालतको परिसर भित्र रहेको, हाल जे ज अवस्थामा छ सोही अवस्थाको तपसिलमा उल्लेखित जिन्सीको सवारी साधन टाटा सुमो जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम लिलाम गर्नु पर्ने भई मिति २०७७/१२/०५ मा बसेको मूल्याङ्कन समितिको बैठकले तोकेको मूल्यमा उल्लेखित सवारी साधन २०७८/०१/१९ मा लिलाम हुने भएकोले यो लिलामी सूचना प्रकाशन गरिएको छ । लिलाम डाँक बढाबढ हुने दिन यस अदालतमा तप बमोजिमको शर्तको अधीनमा रही लिलाम डाँक बढाबढमा सहभागी हुन ईच्छुक सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ

लिलाम हुने सवारी साधन (टाटा सुमो)

| सि नं. | मुद्दा नं. | जि.ल. नं. | मुद्दा | पक्ष | विपक्ष | सवारी साधन नं. | कायम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०७५-cr-०२३५ | ४०२ | मानव बेचविखन तथा ओसारपसार | नेपाल सरकार | रमेश भन्ने नरविर लामा समेत | ज. १ ज. २१० | रु.३,००,०००।- | दर्ता हुने |

१) यस सूचनामा उल्लेखित सवारी साधनको लिलाम बढाबढ मिति २०७८/०१/१९ गते दिनको २ बजेदेखि ४ बजेसम्म महोत्तरी जिल्ला अदालत प्राङ्गणमा हुनेछ।सो दिनको ११ बजे देखि ४ बजे सम्म लिलाम डाँक बढाबढमा सहभागी हुनका लागि दरखास्त साथ रु.१००।— राजस्व बुझ डाँक लिलाम बोल कबोल गर्न सकिनेछ । उक्त दिन सार्बजनिक विदा परेमा सोको भोलिपल्ट अदालत खुलेको दिन बिहान ११ बजेदेखि लिल डाँक बढाबढको कार्य अगाडि बढाईनेछ ।

२) लिलाम बढाबढमा सहभागी हुने ब्यक्ति, संघसंस्था वा ब्यापारिक प्रतिष्ठानले आफ्नो नागरिकता, दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रमाणि प्रतिलिपि निवेदन साथै राख्नुपर्नेछ।

३) लिलामी हुने सवारी साधनको न्यूनतम मूल्य रु.३,००,०००/- (अक्षेरुपी तीन लाख रुपैयाँ) भन्दा बढीबाट डाँक लिलाम बढाबढ गर्नुपर्नेछ ।

४) लिलाम बढाबढमा सहभागी हुनेले लिलाम बोल्नु अघि न्यूनतम मुल्यको १० प्रतिशतले हुने नगद रकम सोही दिन धरौट वापत यस अदालत बुझाउनु पर्नेछ।

५) लिलाम बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संघसंस्था/ब्यापारिक प्रतिष्ठानले लिलाम सकार गर्नु पर्नेछ।यसरी लिलाम सकार गरे बाँकी रकम तुरुन्तै वा भोलिपल्ट यस अदालतमा नगदै बुझाउनु पर्नेछ र सो को रसीद यस अदालतमा पेश गर्नुपर्नेछ ।

१५

६) सबैभन्दा बढी लिलाम डाँक बढाबढ गर्ने पहिलो पक्षले लिलाम सकार नगरेमा त्यसपछि दोश्रो र तेश्रो बढी रकम कबोल गर्ने पक्षलाई लिलाम सकार गर्न दिईनेछ ।

७) लिलाम सकार गरेको ७ दिनभित्र उक्त टाटा सुमो गाडी उठाई लैजानु पर्नेछ र ७ दिनभित्र उक्त गाडी उठाई नलगेमा अदालतले उक्त गाडी जफत गर्न सक्नेछ।

८) लिलाम सकार गरिएको गाडी सम्बन्धित निकायमा दर्ता गरी वा अनुमति लिई प्रयोगमा ल्याउन सकिनेछ ।अनुमति वा दर्ता हुने/नहुने कुरा प्रचलित ऐन नियम अनुसार हुनेछ ।अनुमति तथा दर्ता गर्दा कानून बमोजिम लाग्ने शुल्क लिलाम सकार गर्ने पक्षले नै तिर्नु बुझाउनु पर्नेछ ।

९) लिलाम डाँक बढाबढको प्रकृयामा कुनै प्रकारको मिलेमतोमा वा कुनै त्रुटि, अनियमितता देखिएमा लिलाम सम्बन्धि सम्पूर्ण काम कारवाहीलाई बदर गर्ने अधिकार लगायतका सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ ।

१०) यस सूचनामा कुनै कुरा छुट भएमा वा लिलाम सम्बन्धि कुनै निर्णय गर्नुपर्ने भएमा प्रचलित ऐन, कानून वा नियमावली तथा प्रचलित आर्थिक कार्यविधि ऐन तथा आर्थिक कार्यविधि नियमावली बमोजिम हुनेछ ।

११) लिलाम हुने सवारी साधन टाटा सुमोको अवस्था हेर्न चाहेमा अदालत खुलेको समयमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

२०८१।१२।२८

..............................

तहसिलदार/शा.अ.